# संस्थागत विद्यालयहरुमा रहेका समग्र शैक्षिक, भौतिक तथा व्यवस्थापकिय समस्या सुधार सम्बन्धि

## अध्ययन प्रतिवेदन

## २०८२

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल
स्था:२०७३

रतुवामाई नगरपालिका

नगरपालिकाको कार्यालय

सिजवा मोरङ

रविन्द्र कुमार पण्डित
शिक्षा अधिकृत(आठौं)

# भूमिका

संविधानबाट प्रदान गरिएका शिक्षा सम्बन्धि आधारभुत तथा माध्यमिक तहसम्मको हक सुनिश्चित गर्न स्थानिय सरकार सञ्चालन ऐनको दफा ११ (ञ) ले २३ वटा अधिकार स्थानिय तहको सरकारलाई दिएको छ। उक्त अधिकार अन्तरगत विद्यालयको भौतिक पुर्वाधारको व्यवस्था, आर्थिक, सामाजिक र भौतिक व्यवस्थापन, गुणस्तरीय शिक्षा, विद्यालयको मानव श्रोतको व्यवस्था र व्यवस्थापन, शिक्षकहरुको तालिम, सम्पतिको सुरक्षा, संरक्षण र व्यवस्थापन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन, मूल्यांकन र नियमन लगायतका थुप्रै विषयहरु रहेका छन्।
शिक्षकको अधिकार सुनिश्चित गरी स्थानिय तहको विकास र समृद्धिलाई सुनिश्चित गर्न उपलब्ध श्रोत , साधन, भौतिक पुर्वाधार, आर्थिक सामाजिक आदिलाई मध्यनजर गरी विद्यालयलाई समुदाय विकासको केन्द्रमा राखेर शिक्षा र समृद्धिको स्पष्ट खाका कोर्न हरेक स्थानिय यस विषम परिस्थितिमा अति आवश्यक रहेको छ । किनकी नेपालको संविधानको भाग ३ मौलिक हक अर्न्तगत धारा ३१ म शिक्षा सम्बन्धि हकमा प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ भनिएको छ त्यसैले हालको विषम परिस्थितिमा स्थानिय सरकार हरेक विद्यार्थीको घर आँगनमा पुगी शिक्षामा पहुँचको हक दिलाउनु जरुरी छ।
शिक्षामा लगानी बिना कुनैपनि स्थानिय तहले आफ्नो शक्ति र सामर्थ्यको विकास गर्न सक्दैनन्। सामर्थ्य बिना सम्बृद्धिको सपना पनि साकार पार्न कठिन हुन्छ। हालको परिस्थितिमा पनि स्थानिय तहमा शिक्षाको विकासलाई सुनिश्चित गर्न बालबालिका, शिक्षक, अभिभावक, स्थानिय समुदायको सक्रिय सहभागिता, साथै स्थानिय सरोकारवाला निकायहरुको सक्रिय सहभागिता र स्थानिय तहको उत्तरदायित्वपूर्ण भूमिका अपरिहार्य हुन्छ । तब मात्र शिक्षण सिकाईलाई सबैको पहुँच पुऱ्याई उत्कृष्ट र अर्थपूर्ण बनाउन सकिन्छ।
शैक्षिक वातावरणमा सुधार नगरेसम्म शैक्षिक गुणस्तरमा सुधार ल्याउने कुरा कल्पना पनि गर्न सकिदैंन। सामुदायिक विद्यालयहरुमा व्यवस्थापकिय नेतृत्व र शिक्षकहरुको सिकाई क्रियाकलापमा सुधार र विद्यालयका गतिविधिहरुमा पारदर्शिता ल्याउन पर्दछ। समुदायको सहभागितामा वृद्धि मुल्याङ्कन प्रकृयाबाट शुरुवात गरिनु पर्दछ जसले शिक्षण सिकाई प्रकृयालाई डोऱ्याउन सकिन्छ। विद्यालयमा शिक्षण गर्दा आधारभुत विषयवस्तुहरुको ज्ञान र सिप सबै विद्यार्थीहरुमा विकास गराउने अभियान हरेक विद्यालय र शिक्षकले चलाउनु पर्दछ। स-साना कुराहरुमा गरिएका सुधारले समय प्रणालीमा सुधार आँउछ भन्ने कुरा बिर्सिनु हुँदैन । त्यसैले विद्यालयहरुमा सिकाईको वातावरण बनाउनका लागि उचित सरसफाई, खानेपानी, शौचालय, पुस्तकालय, सुचना प्रविधि जस्ता कुराहरु न्यूनतम आवश्यकताको रुपमा परिभाषित गरी अनिवार्य व्यवस्था र शिक्षण सिकाईमा उपयोग गर्ने परिपाटिको विकास गर्नुपर्दछ।

# परिचय

रतुवामाई नगरपालिका,मोरङ्ग जिल्लाको दक्षिण पूर्वी भागमा पर्दछ । यो नगरपालिकाका सबै भूभाग सम्म परेको तराईको क्षेत्रमा अवस्थित छ । मोरङ्गको सिजुवा, वरडंगा (१,४,५,७) गोविन्दपुर (१,३,४,७) झुर्किया, महादेवा र इटहरा लगायतका क्षेत्रलाई मिलाएर यो नगरपालिका स्थापना गरिएको हो । यस भेगमा धेरै पहिलादेखि मानिसहरुको बसोबास भएको पाइन्छ। पहिले मोरङ्ग भेगमा झाडीका रुपमा रहँदा पनि यस भेगका खोला किनाराहरुमा स्थानीय अदिवासीहरुको बसोबास थियो । यस नगरपालिका भित्रका विभिन्न भागमा अहिले पनि त्यस्तो पूरानो बसोबासको केन्द्रका अवशेषहरु पाउन सकिन्छ । रतुवा र बक्राहा खोलाको बीच तथा मोरङ्गको दक्षिणपुर्वी भागमा यो नगरपालिका अबस्थित छ ।

रतुवामाई नगरपालिका भित्र संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन् । समग्र विद्यालयहरुको विकासबाट मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ । यसर्थ सम्पूर्ण विद्यालयहरुको यथार्थ अवस्थाको अध्ययन गरी समग्र शैक्षिक विकास गर्नका लागि चाल्नु पर्ने कदमका बारेमा नगर शिक्षा समिति मार्फत यस अध्ययन समितिलाई कार्यादेश प्राप्त भए बमोजिम संस्थागत विद्यालयहरुको यर्थाथ अवस्थाको चित्रण गरी विद्यालयहरुका समस्याहरु र समधानका उपायहरु प्रस्तुत गरिएको छ ।

## अध्ययनका उदेश्यहरु:

रतुवामाई नगरपालिका नगर शिक्षा समितिको निर्णयानुसार यस नगरपालिका अन्तरगतका संस्थागत विद्यालयहरुको समग्र शैक्षिक सुधारका लागि देखिएका समस्याहरु तथा समाधानका उपायहरु सहितको प्रतिवेदन पेश गर्ने कार्यक्षेत्र निर्धारण गरी अध्ययन गर्न गठित समितिले अध्ययन गर्नुको उदेश्यहरु निम्ननुसार रहेका छन् ।

१. संस्थागत विद्यालयको वास्तविक अवस्था पत्ता लगाउनु ।
२. विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षहरुको सुक्ष्म अध्ययन तथा अवलोकन गर्नु ।
३. शैक्षिक सुधारका लागि रहेका बाधकहरु पत्ता लगाउनु ।
४. समग्र शैक्षिक विकासका लागि सुधारका उपायहरु पहिचान गर्नु ।
५. विद्यालयप्रति आम अभिभावकहरुको धारणा सकारात्मक बनाउनु ।
६. संस्थागत विद्यालयहरुका बीचमा सूक्ष्म अध्ययन गरी स्वस्थ्य प्रतिस्पर्धा गराउनु ।
७. परीक्षा प्रणालीमा देखिएका समस्याको पहिचान गरी समाधानको लागी उपाय सिफारिश गर्नु ।
८. सामूदायिक र संस्थागत विद्यालयको वीचका असमानता लाई न्यूनिकरण गर्नु ।

रतुवामाई नगर कार्यपालिका सिजुवा, कोशी प्रदेश, नेपाल स्था.२०७३

## अध्ययन विधि:

रतुवामाई नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको वास्तविक अवस्था पहिचान गरी समस्या तथा समाधानका उपायहरु पहिल्याउन अध्ययन समितिले निम्नानुसारका अध्ययन विधि प्रयोग गरिएको थियो ।

१. स्थलगत अध्ययन तथा अवलोकन

२. कक्षा अवलोकन

३. अन्तरवार्ता

४. शिक्षक, वि.व्य.स. तथा सरोकारवालसँग अन्तरक्रिया तथा छलफल ।

## अध्ययनका सीमाहरुः

रतुवामाई नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको वास्तविक अवस्था पहिचान गरी समस्या तथा समाधानका उपायहरु पहिल्याउन अध्ययन समितिले निम्नानुसारका सिमा निर्धारण गरी अध्ययनलाई सिमित गरिएको थियो ।

१. विद्यालयमा भर्ना हाजिरी रजिष्टरमा विद्यार्थीहरुको विवरण र दैनिक उपस्थिति विवरण ।

२. विद्यालयको व्यवस्थापकीय पक्षहरु वि.व्य.स. गठन, लेखा परीक्षण विद्यालय सञ्चालन अनुमति,सूचना अधिकारीको व्यवस्था इत्यादी ।

३. विद्यालयको भौतिक अवस्था, विद्यालय भवन, कक्षा कोठा, विद्यालयको जग्गा जमिनको विवरण, शौचालय शुद्ध पिउने पानी टिनको छानाको अवस्था ।

४. विद्यालयको शैक्षिक पक्षहरुको कक्षाकोठा व्यवस्थापन, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, व्यवस्थापन कार्यलय व्यवस्थापन इत्यादी ।

## अनुसन्धानबाट प्राप्त मूख्य तथ्याङ्कहरु

### संस्थागत विद्यालयका मूख्य समस्याहरुः-

१. अनुमति लिएको भन्दा माथिल्लो कक्षाहरु संञ्चालन हुनु ।
२. भौतिक पूर्वाधारहरु (नियामानुसार जग्गाको क्षेत्रफल कम हुनु तथा लिज वा भाडामा लिइएको जग्गाको अभिलेख नहुन)
३. छात्र छात्रा र शिक्षकहरुको बेग्ला बेग्लै शौचालय नहुनु ।
४. शुद्ध खानेपानीको प्रयाप्त व्यवस्था नहुनु ।
५. घेराबारा नहुनु वा बाँसको भाटाको हुनु ।
६. नियमअनुसार भवन र कक्षाकोठा नहुनु भएकाको पनि भवन कच्ची र वाँसको भाटाको हुनु ।
७. विद्यालय साइन बोर्ड नहुनु ।
८. माध्यमिक तह सञ्चालित संस्थागत विद्यालयहरुमा कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालयको अवस्था कमजोर हुनु ।
९. साइकल स्टयाण्ड, खेल मैदान, सभा हल, खेलकुद सामाग्रीको अवस्था कमजोर हुनु ।
१०. बिना अनुमति विद्यालय स्थानान्तरण हुनु ।
११. नियमअनुसार विद्यालयमा वि.व्य.स. तथा शिक्षक अभिभावक संघ गठन नहुनु ।
१२. नियमानुसार समयमा लेखा परीक्षण नुहुनु ।
१३. नियमानुसार बाल क्लव गठन नहुनु र भएकाहरुको पनि परिचालन कम हुनु ।
१४. नियमानुसार छात्रबृति वितरण नहुनु ।
१५. विषयगत र योग्यता पुगेका शिक्षकहरुको अभाव हुनु ।
१६. सुझाव पेटिका, सूचना पाटी तथा विद्यार्थी उपस्थिति पाटी नभएको ।
१७. सूचना अधिकारी प्रिन्सिपल मात्र भएको ।
१८. स्थानीय पाठयक्रमको पूर्णरुपमा कार्यान्वयन नहुनु ।
१९. विद्यालय सञ्चालन अनुमति पत्र, लेखापरीक्षण प्रतिबेदन बिद्यालयमा नहुनु ।

यस नगरपालिकाको परिवेश र सम्पूर्ण अवस्थालाई मध्यनजर गर्दै वरपरका पालिकाको समेत शुल्क दरलाई ध्यानमानिजी लगानीमावा निजी गुठीमा संचालित विद्यालयलाई निम्न बमोजिमका ३ वटा श्रेणीमा बिभाजन गरी श्रेणीगत रुपमा निम्न बमोजिमको शुल्कनिर्धारणगरिएको छ। सो भन्दा बढी असुल गरेको पाइएमा नियम अनुसार कार्यवाही हुने कुरा समेत सिफारिश गरिन्छ।

| विवरण | मासिक पढाइ शुल्क | वर्षिक शुल्क खेलकुद,अतिरिक्त क्रियाकलाप,प्रयोगशाला,मर्मत,पुस्तकालय | भर्ना शुल्क | परीक्षा शुल्क | शैक्षिक सामाग्री शुल्क वार्षिक एक पटक |
|---|---|---|---|---|---|
| आधारभूत तह कक्षा १ देखि ५ सम्म | १००० देखि १४००सम्म | १५०० देखि २०००सम्म | १००० देखि २०००सम्म | ६०० देखि १०००सम्म | २०० देखि २५०सम्म |
| आधारभूत तह कक्षा ६ देखि ८ सम्म। | १५०० देखि २०००सम्म | २००० देखि ३००० सम्म | २००० देखि २५००सम्म | १००० देखि १२००सम्म | २५० देखि ३००सम्म |
| मा.वि. तह कक्षा ९ र १० | २००० देखि ३०००सम्म | ३००० देखि ४०००सम्म | २५०० देखि ३५००सम्म | १२०० देखि १५००सम्म | ३०० देखि ५००सम्म |

**नोट : ग** बर्गको विद्यालयको लागि अधिकतम शुल्क माथि निर्धारित अनुसार कायम गरिएको छ। सोही अनुसार **ख** बर्गका विद्यालयले २५ प्रतिशतसम्म थप र **क** बर्गका विद्यालयल ५० प्रतिशत सम्म थप शुल्क लिन सक्ने गरी कायम गरिएको छ।

**नोटःपरीक्षा शुल्कमा तोकिएको रकम बाहेक थप रकम लिन नपाईने।**

## संस्थागत विद्यालयको श्रेणीगत विभाजन

### 'क'श्रेणीका विद्यालयहरु

| क.सं | विद्यालयको नाम | विद्यालयको ठेगाना | संचालित कक्षा | अनुमति प्राप्त कक्षा | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मूनलाइट मोडल ई.स्कूल | रतुवामाई ४ | १२ | १२ | क | पर्याप्त खेल मैदानको अभाव |
| २ | मुनाल आदर्श विद्या सदन | रतुवामाई ६ | १२ | १२ | क | पर्याप्त खेल मैदानको अभाव |
| ३ | राइजिङ नेपाल सेकेन्डरी स्कूल | रतुवामाई ६ | १२ | १२ | क | पर्याप्त खेल मैदानको अभाव |
| ४ | दाम्राभिटा से.इङ्लिश स्कूल | रतुवामाई ८ | १२ | १२ | क | पर्याप्त खेल मैदाानको अभाव |
| ५ | माउन्ट एभरेष्ट सोमबारे | रतुवामाई १० | १० | १० | क | पर्याप्त खेल मैदानको अभाव |
| ६ | राष्ट्र निर्माण सेकेण्डरी स्कूल | रतुवामाई १० | १२ | १२ | क | पर्याप्त खेल मैदानको अभाव |

### 'ख'श्रेणीका विद्यालयहरु

| क.सं | विद्यालयको नाम | विद्यालयको ठेगाना | संचालित कक्षा | अनुमति प्राप्त कक्षा | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्टार मोडल इङ्लिश स्कूल | रतुवामाई ४ | १० | १० | ख | अति साँगुरो मैदान |
| २ | इडेन किन्डरगार्डन स्कूल | रतुवामाई ६ | २ | १ | ख | पर्याप्त खेल मैदानको अभाव |
| ३ | पाथिभरा इङ्लिश सेकेन्डरी स्कूल | रतुवामाई७ | १० | १० | ख | पर्याप्त खेल मैदानको अभाव |
| ४ | अन्नपूर्ण सेकेन्डरी स्कूल | रतुवामाई ८ | १० | १० | ख | पर्याप्त खेल मैदानको अभाव |
| ५ | सयपत्री सेकेन्डरी स्कूल | रतुवामाई ८ | १० | १० | ख | पर्याप्त खेल मैदानको अभाव |
| ६ | मौंरङ्ग चिल्ड्रेन एकेडेमी | रतुवामाई ९ | ८ | ८ | ख | पर्याप्त खेल मैदानको अभाव |

'ग' श्रेणीका विद्यालयहरु

| क.सं | विद्यालयको नाम | विद्यालयको ठेगाना | संचालित कक्षा | अनुमति प्राप्त कक्षा | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वालज्योति आदर्श विद्या सदन | रतुवामाई २ | ७ | ८ | ग | खेल मैदानको अभाव |
| २ | विद्यासागर अंग्रेजी स्कूल | रतुवामाई २ | २ | ३ | ग | खेल मैदानको अभाव |
| ३ | रोजवड इङ्लिश स्कूल | रतुवामाई ३ | ६ | ३ | ग | खेल मैदानको अभाव |
| ४ | महादेवा अंग्रेजी स्कूल | रतुवामाई ३ | ५ | ५ | ग | खेल मैदानको अभाव |
| ५ | सनफ्लावर इङ्लिश एकेडेमी | रतुवामाई ३ | ६ | ३ | ग | पर्याप्त खेल मैदानको अभाव |
| ७. | डाँफे विद्या सदन | रतुवामाई ४ | ७ | ३ | ग | खेल मैदानको अभाव |
| ९. | सनलाइट मोडल इङ्लिश स्कूल | रतुवामाई ४ | ५ | ५ | ग | पर्याप्त खेल मैदानको अभाव |
| १० | मुनसाइन इङ्लिश स्कूल | रतुवामाई ५ | ३ | ४ | ग | पर्याप्त खेल मैदानको अभाव |
| ११ | साइनिङ स्टार इङ्लिश स्कूल | रतुवामाई ६ | ८ | ८ | ग | पर्याप्त खेल मैदानको अभाव |
| १२ | सौंठा भिजन इङ्लिश एकेडेमी | रतुवामाई ६ | ६ | ६ | ग | पर्याप्त खेल मैदानको अभाव |
| १६ | महालक्ष्मी अंग्रेजी स्कूल | रतुवामाई ७ | ६ | २ | ग | पर्याप्त खेल मैदानको अभाव |
| २० | लिटल फ्लावर मन्टेश्वरी | रतुवामाई ८ | ३ | UKG | ग | पर्याप्त खेल मैदानको अभाव |
| २३ | सरस्वती मन्टेश्वरी स्कूल | रतुवामाई ९ | ३ | UKG | ग | पर्याप्त खेल मैदानको अभाव |
| २४ | नवज्योती बेडिङ स्कूल | रतुवामाई १० | UKG | UKG | ग | पर्याप्त खेल मैदानको अभाव |
| २७ | लक्ष्मी मन्टेस्वरी | रतुवामाई १० | ३ | UKG | ग | पर्याप्त खेल मैदानको अभाव |

रतुवामाई नगरपालिका भौगोलिक दृष्टिकोणले सुगम भए पनि यहाँका मानिसहरुको मुख्य पेशा कृषी भएकोले जीवन स्तर निकै कमजोर छ । शैक्षिक क्षेत्रमा विगत केही वर्षयता छलाङ हान्न सफल यस पालिका भित्रका निजी विद्यालयले अहम भूमिका खेलेको भएपनि यहाँका निजी

विद्यालयको नियमन र अनुगमनमा ध्यान दिनु पर्ने आवश्यकता महशुस गरिएको छ । तपशिल बमोजिमका बुँदाहरुमा केन्द्रित रहेर चुस्त दुरुस्त गर्न सके निजी विद्यालयलाई अझै सुधार गरी शैक्षिक गुण्स्तर बृद्धीको लागी अझ बढी प्रभावकारी बनाउन सकिने स्थिति देखिन्छ ।

## तपशिल

१. विद्यालयले चारीत्रिकतथा ट्रान्सक्रिप्टप्रमाणपत्र बापत रु. ३०००/-सम्म लिन नपाइने ।

२.विद्यालयले ग्रेडिङ अनुसारको शुल्क लिन पाउने तर तोकेको सेवासुविधा विधार्थी, शिक्षक र अभिभावकलाई उपलब्ध गराउनु पर्ने ।

३.विधालयले मासिक शुल्क लिए अनुसार र शिक्षकको शैक्षिक योग्यता बमोजिम न्युनतम तलब अनिवार्य दिनुपर्ने ।

४.वार्षिक शुल्क मै अतिरिक्त शुल्कहरु[Extra charges] राख्नुपर्ने ।

५.सरस्वती पूजा लगायत अन्य पर्व मनाउन न्युनतम स्वेच्छिक चन्दा मात्र लिन पाईने ।

६.वार्षिक शुल्क लिई सकेपछि परीक्षा शुल्क, टाईबेल्ट, यातायात शुल्क वाहेक अन्य कुनै पनि शुल्क लिन नपाईने।

७.विद्यालय आफैंले पाठ्यपुस्तक, ड्रेस, स्टशनरी लगायत अन्य सामग्री वेचविखन गर्न नपाईने र गर्नु परे होलसेल मुल्यमा ढुवानी वापत लागेको खर्च मात्र लिई वेचविखन गर्नुपर्ने ।

८. इमिस सिस्टमलाई कडाईका साथ लागु गर्ने ।

९. परीक्षा प्रणलीमा निम्न बमोजिम व्यापक सुधार ल्याउने ।

अ. एसईई परीक्षा केन्द्र प्रत्येक वर्ष परिवर्तन गर्ने ।

आ. परीक्षा केन्द्र पारस्परिक गर्न नदिने ।

इ. कक्षा १२ को परीक्षा केन्द्रका शिक्षकले आंशिक शिक्षण गरेको विद्यालयका विद्यार्थीको परीक्षामा निरीक्षक बस्नेगरेको पाइएकोले त्यस्ता विद्यालयको परीक्षा केन्द्र सार्नु पर्ने ।

ई. कक्षा ८ को परीक्षा लाई केन्द्रिकृत गरी मर्यादित बनाउन विशेष कार्यकम ल्याउनु पर्ने ।

उ. निजी विद्यालयलाई प्रोत्साहित गर्नको लागि उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालयलाई पुरष्कृत गर्दा निजीविद्यालयलाई पनि सामुदायिक सरह मान्यता दिइनुपर्ने ।

१०. बक्यौता राखेर अर्को विद्यालयमा जाने (भाग्ने) विद्यार्थहिरुको कारण विद्यालयलाई आर्थिक मार परेकाले त्यसता बक्यौता नियन्त्रणको लागि कार्यालयले कडाइका साथ नियमन गर्नुपर्ने ।

११. यस नगरपालिकाले आयोजना गरेका विभिन्न कार्यक्रममा निजी विद्यालयलाई पनि सरिक गराउने ।

१२. कक्षा १ भन्दा माथिका कक्षामा भर्ना हुने विद्यार्थीलाई पहिलेको विद्यालयबाट सहमति लिएर मात्र वा बिना सर्टिफिकेट भर्ना गर्न नसकिने वा इमिस ट्रान्सफर बिना भर्ना नगर्ने ।

१३. नियमानुसार मापदण्ड पूरा भएका विद्यालयलाई मात्र कक्षा अनुमति दिनुपर्ने ।

१४. अनुमति नलिएका विद्यालयका कक्षाहरु आगामी शैक्षिक सत्र २०८३ बाट अनिवार्य बन्द गर्नुपर्ने ।

१५. छात्र, छात्रा र शिक्षकहरुका लागि छुट्टै शौचालयको व्यवस्था हुनुपर्ने ।

१६. विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्ने ।

१७. माध्यमिक तह सञ्चालित संस्थागत विद्यालयमा कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थित बनाउनुपर्ने ।

१८. साइकल स्टयाण्ड, खेल मैदान, सभा हल , खेलकुद सामग्रीको व्यवस्थापन गर्नुपर्ने ।

१९. नियमानुसार वर्षेनी शुल्क निर्धारण गरी विद्यार्थीहरुबाट शुल्क लिनुपर्ने ।
२०. नियमानुसार विद्यार्थीहरुलाई छात्रबृत्ति वितरण गर्नुपर्ने ।
२१. संस्थागत विद्यालय एक ठाउँबाट अर्को ठाउँमा सार्न / गाभ्न नियमानुसार अनुमति लिनुपर्ने ।
२२. नियमानुसार विद्यालयमा वि.व्य.स. तथा शिक्षक अभिभावक संघ गठन गर्नुपर्ने ।
२३. नियमानुसार समयमा लेखा परीक्षण गर्नुपर्ने ।
२४. नियमानुसार बाल क्लव गठन गर्नुपर्ने र भएकाहरुको पनि परिचालन गर्नुपर्ने ।
२५. आगामी शैक्षिक सत्रबाट EMIS अन्य विद्यालयबाट भर्ने कार्य बन्द गर्नुपर्ने, यदि अन्य विद्यालयबाट भरेको पाइएमा कारवाही गर्नुपर्ने वा पाएका अनुमति रद्ध गर्ने ।
२६. विषयगत र योग्यता पुगेका शिक्षकहरुको व्यवस्था गर्नुपर्ने ।
२७. सुझाव पेटिका, सूचना पाटी तथा विद्यार्थी उपस्थिति पाटी तथा शिक्षक अभिलेखको व्यवस्थापन हुनुपर्ने ।
२७. सूचना अधिकारी तथा महिला फोकल पर्सन छुट्टै व्यवस्था गर्नुपर्ने ।
२८. स्थानीय पाठयपुस्तक पठनपाठन गर्नुपर्ने ।
२९. विद्यालय सन्चालन अनुमति पत्र, लेखापरीक्षण प्रतिबेदन कार्यलय कक्षामा हुनुपर्ने ।

**निष्कर्ष:-**

नगर शिक्षा समितिबाट दिइएको जिम्मेवारी वहन गर्ने क्रममा विद्यालयको पठनपाठनको समय,कार्यव्यस्तता तोकिएको समयमा प्रतिबेदन पेश गर्न नसकिएको यथर्थता प्रस्तुत गर्न चाहान्छौ ।

तथापी रतुवामाई नगरपालिका भित्रका संस्थागत विद्यालयहरुको स्थलगत अध्ययन गरी प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गरी छोटो समयमा भए पनि प्रतिवेदनलाई अन्तिम रुपप्रदान गरी पेश गरिएको छ।

विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न समय समयमा अनुगमन हुनु पर्ने कुरासरोकारवालाबाट प्राप्त सुझावमा पाइएको छ । तसर्थ विद्यालयमा गरिने लगानीलाई प्रतिफलसँग जोडीमूल्याङ्कन गर्नु पर्ने देखिन्छ । यसका लागि प्रतिवेदनमा उल्लेख गरिएका समाधानका उपायहरु कार्यन्वयन गर्न आवश्यक कार्यविधि/ऐन बनाई वा मौजुदा कार्यविधी ऐनमा आवश्यक संसोधनगरी अल्पकालीन तथा दीर्धकालीन रुपमा पुरा गर्न सकिने कार्यहरु विभाजन गरी लागु गर्न उपयक्त देखिन्छ ।

<u>प्रतिवेदकहरु:</u>

श्री रविन्द्र कुमार पण्डित
श्री हरि वहादूर राई
श्री जीवन पनेरु
श्री कृष्ण प्रसाद ढकाल
श्री टुक वहादूर कार्की
श्री नवराज थापा

रतुवामाई नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सिजुवा, मोरङ कोशी प्रदेश, नेपाल